# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५२) काठमाडौं, भदौ ६ गते २०५९ साल (अतिरिक्तांक ४०

## भाग ३

श्री ५ को सरकार

### कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले विशेष अदालत ऐन, २०५९ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी देहाय बमोजिमको विशेष अदालत गठन गरी अधिकार क्षेत्र र मुकाम तोकेको छ।

१. विशेष अदालतको गठन

(१) श्री तपबहादुर मगर, न्यायाधीश, पुनरावेदन अदालत विराटनगर –अध्यक्ष

(२) श्री दामोदरप्रसाद शर्मा, न्यायाधीश, पुनरावेदन अदालत पाटन –सदस्य

(३) श्री भुपध्वज अधिकारी, न्यायाधीश, पुनरावेदन अदालत महेन्द्रनगर–सदस्य

२. अधिकार क्षेत्र : यस अदालतलाई राज्य विरुद्धको अपराध र सजाय ऐन, २०४६ अन्तर्गतका मुद्दाहरूको कारवाही र किनारा गर्ने अधिकार हुनेछ।

३. मुकाम : यस अदालतको मुकाम काठमाडौं उपत्यकामा रहनेछ र यस अदालतले आफ्नो इजलास नेपाल अधिराज्यभित्र जहाँसुकै पनि कायम गर्न सक्नेछ।

### सूचना २

श्री ५ को सरकारले उपर्युक्त बमोजिम गठन भएको विशेष अदालतलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ अन्तर्गत दायर हुने मुद्दासमेत हेर्ने गरी तोकेको छ।

आज्ञाले,
उदय नेपाली श्रेष्ठ
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।